## नौमुले गाउँपालिका,
## ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना,

**२०७७ श्रावण**



# आर्थिक वर्ष २०७६/७७ को
# वार्षिक
# प्रगति प्रतिवेदन


नौमुले गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
नौमुले, दैलेख

ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना
नौमुले गाउँपालिका सहयोग इकाई नौमुले, दैलेख

# विषय सूची


आर्थिक वर्ष २०७६/७७ को प्रगतिको सारांश ........ 2
क. आर्थिक प्रगति सारांश ........ 2
ख. भौतिक प्रगति सारांश ........ 3
नतिजा १: खानेपानी, सरसफाइ तथा स्वच्छता ........ 3
नतिजा २: जीविकोपार्जन प्रवर्द्धन ........ 5
नतिजा ३: जलवायु परिवर्तन अनुकुलन / प्रकोप जोखिम न्यूनीकरण ........ 6
नतिजा ४: क्षमता विकास ........ 6
१. पृष्ठभूमि ........ 8
२. लक्ष बमोजिम उपलब्धी ........ 9
३. अनुगमन तथा प्रतिबेदन ........ 14
४. प्रगती समीक्षा तथा योजना तर्जुमा ........ 16
५. नीति तर्जुमा ........ 17
६. सहकार्य ........ 17
७. आइपरेका समस्याहरु ........ 17
अनुसूची १: यस आ.व.मा संचालित योजनाहरुको विवरण ........ 19
अनुसूची २.१: यस आ.व.मा संचालित तालिमहरुको विवरण ........ 20
अनुसूची २.२: गत वर्ष २०७५।०७६ सम्मको पेश्की / वेरुजु बाँकीको अवस्था ........ 22
अनुसूची २.३: आर्थीक बर्ष २०७६/०७७ मा थप भएको समेत कुल पेश्की / बेरुजु बाँकीको अवस्था ........ 22
अनुसूची ३: गाउँपालिकाका नमूना उपलब्धीहरु तथा सफलताका कथाहरु ........ 23
अनुसूची ४: भिजिविलिटी ........ 26
अनुसूची ५: जनशक्ति विवरण ........ 27




GOVERNMENT OF NEPAL

EUROPEAN UNION

Ministry for Foreign Affairs of Finland

## आर्थिक वर्ष २०७६/७७ को प्रगतिको सारांश

| | |
|---|---|
| **स्थानीय तहको नाम:** | नौमुले गाउँपालिका |
| **परियोजनाको नाम:** | ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना, तेस्रो चरण |
| **प्रतिवेदनको समयावधि:** | १ श्रावन २०७६ देखि ३१ आषाढ २०७७ (16th July 2019 to 16th July 2020) |

### क. आर्थिक प्रगति सारांश

| **परियोजनाको लागि यस आ.व. को कुल बजेट तथा खर्चको अवस्था** (रु. हजारमा) (दातृ निकाय, नेपाल सरकार तथा स्थानीय तह समेत) | **शीर्षक** | **बजेट** | **निकासा** | **खर्च** | **खर्च %** |
|---|---|---|---|---|---|
| | **पुँजीगत:** | २०७२७ | २४१२१ | २३३२४ | १।१३ |
| | **कार्यक्रम / चालु:** | १२७९२ | १३६१६ | १३४८४ | १।०५ |
| | **जम्मा:** | **३३५१९** | **३७७३७** | **३६८०८** | १।१० |

| **स्रोतगत रुपमा आर्थिक वर्षको बजेट तथा खर्चको अवस्था** (रु. हजारमा) | **लगानीको स्रोत** | **बजेट** | **निकासा** | **खर्च** | **खर्च %** |
|---|---|---|---|---|---|
| | **स्थानीय तह** | २३७७ | ६९११ | ६९११ | २।९१ |
| | **नेपाल सरकार** | ५२४२ | ५२४२ | ५२३५ | १।०० |
| | **दातृ निकाय** | २५९०० | २५५८४ | २४६६२ | ०।९५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | **(GoF / EU)** | | | | |
| | **जम्मा (WRDF):** | ३३५१९ | ३७७३७ | ३६८०८ | १।१० |
| | उपभोक्ताको (Cash) | ६५० | ६५० | ६५० | १।०० |
| | उपभोक्ताको (Kind) | ११२८९ | ८७९४ | ८७९४ | ०।७८ |
| | **जम्मा (उपभोक्ता):** | ११९३९ | ९४४४ | ९४४४ | ०।७९ |
| | **कुल जम्मा:** | ४५४५८ | ४७१८१ | ४६२५२ | १।०२ |
| | | | | | |

## ख. भौतिक प्रगति सारांश

### नतिजा १: खानेपानी, सरसफाइ तथा स्वच्छता

| **क्षेत्र** | **आ.व. २०७६/७७ को लक्ष** | **आ.व. २०७६/७७ को उपलब्धि** | **Phase III को हालसम्मको उपलब्धि** |
|---|---|---|---|
| **संरचनाहरु (Schemes):** | | | |
| खानेपानी आयोजनाको संख्या (IPC र IPC*) | 5 | 4 | 26 |
| खानेपानी आयोजनाको संख्या (IPO) | 4 | 4 | 30 |
| खानेपानी आयोजनाबाट लाभान्वित जनसंख्या (IPC र IPC*) | 2846 | 2446 | 13979 |
| खानेपानी आयोजनाबाट लाभान्वित जनसंख्या (IPO) | 4 | 1284 | 12417 |
| संस्थागत शौचालय (IPC र IPC*) | | | |
| संस्थागत शौचालय (IPO) | 2 | 2 | 4 |
| सरसफाइ तथा स्वच्छता संरचनाहरु: | | | |
| हातधुने स्थान (घर संख्या) | 60 | 162 | 845 |
| चांग (घर संख्या) | 60 | 162 | 845 |
| अन्य (घर संख्या) | | | |
| **अन्य सूचकांकहरु:** | | | |
| घरभेट | | | |
| प्रथम पटक | 400 | 409 | 623 |



GOVERNMENT OF NEPAL

EUROPEAN UNION

Ministry for Foreign Affairs of Finland

| | | | |
|---|---|---|---|
| दोस्रो पटक | 400 | 409 | 623 |
| तेस्रो पटक | 0 | | |
| चौथो पटक | 0 | | |
| पूर्ण सरसफाइयुक्त खानेपानी आयोजना घोषणा | 0 | | |
| खानेपानी आयोजनाअन्तर्गतको पूर्ण सरसफाइयुक्त घर संख्या | 50 | 100 | 674 |
| School WASH (3 – Star model) | | | |
| १ – तारा पुगेको विद्यालय संख्या | | | |
| २ – तारा पुगेको विद्यालय संख्या | | | |
| ३ – तारा पुगेको विद्यालय संख्या | | | |
| **तालिम, गोष्ठी तथा अभियानहरु:** | | | |
| खानेपानी, पानी गुणस्तर तथा स्वच्छता सम्बन्धि आयोजनास्तरमा सम्पन्न तालिम, गोष्ठी तथा अभियानहरु | 10 | 10 | 30 |
| खानेपानी, पानी गुणस्तर तथा स्वच्छता सम्बन्धि गाउँपालिका तथा वडास्तरमा सम्पन्न तालिम, गोष्ठी तथा अभियानहरु | 3 | 3 | 6 |



GOVERNMENT OF NEPAL
EUROPEAN UNION
Ministry for Foreign Affairs of Finland

## नतिजा २: जीविकोपार्जन प्रवर्द्धन

| क्षेत्र | आ.व. २०७६/७७ को लक्ष | आ.व. २०७६/७७ को उपलब्धि | Phase III को हालसम्मको उपलब्धि |
|---|---|---|---|
| सिंचाई आयोजनाको संख्या (IPC र IPC*) | 1 | 1 | 3 |
| सिंचाई आयोजनाको संख्या (IPO) | 1 | 1 | 3 |
| सिंचाई आयोजनाबाट लाभान्वित जनसंख्या (IPC र IPC*) | 400 | 514 | 651 |
| सिंचाई आयोजनाबाट लाभान्वित जनसंख्या (IPO) | 400 | 514 | 651 |
| बहुउपयोगी आयोजनाको संख्या (IPC र IPC*) | | | |
| बहुउपयोगी आयोजनाको संख्या (IPO) | | | 1 |
| बहुउपयोगी आयोजनाबाट लाभान्वित जनसंख्या (IPC र IPC*) | | | |
| बहुउपयोगी आयोजनाबाट लाभान्वित जनसंख्या (IPO) | | | 300 |
| जीविकोपार्जन संरचना निर्माण (IPC र IPC*) | 10 | 10 | 10 |
| जीविकोपार्जन संरचना निर्माण (IPO) | 10 | 10 | 10 |
| **आधारभूत जीविकोपार्जन (घरवारी):** | | | |
| घरवारी सम्बन्धि तालिम संख्या (नयाँ) | 16 | 16 | 30 |
| घरवारी सम्बन्धि तालिम संख्या (पुनर्ताजगी) | 9 | 9 | 14 |
| घरवारी तयार गरेका घर संख्या | 400 | 416 | 781 |
| घरवारीबाट लाभान्वित जनसंख्या | 2400 | 2496 | 4596 |
| **Advanced Livelihood** | | | |
| प्राविधिक (Agro-vet, VMW, MPN, LF, LRP, etc.) तालिम संख्या | 3 | 3 | 4 |
| प्राविधिक (Agro-vet, VMW, MPN, LF, LRP, etc.) तालिममा सहभागी संख्या | 43 | 43 | 48 |
| लघुउधम तथा कृषि व्यवसायको संख्या | 4 | 7 | 9 |
| लघुउधम तथा कृषि व्यवसायमा सहभागी संख्या | 80 | 147 | 281 |
| **गोष्ठी तथा अभियानहरु:** | | | |
| जीविकोपार्जन तथा सहकारी सम्बन्धि समुदायस्तरमा सम्पन्न गोष्ठी तथा अभियानहरु (संख्या) | 30 | 43 | 85 |
| जीविकोपार्जन तथा सहकारी सम्बन्धि गाउँपालिका तथा वडास्तरमा सम्पन्न गोष्ठी तथा अभियानहरु (संख्या) | 5 | 6 | 8 |

| | | | |
|---|---|---|---|
| जीविकोपार्जन तथा सहकारी सम्बन्धि समुदायस्तरमा सम्पन्न गोष्ठी तथा अभियानहरुमा सहभागी संख्या | 846 | 993 | 1100 |
| जीविकोपार्जन तथा सहकारी सम्बन्धि गाउँपालिका तथा वडास्तरमा सम्पन्न गोष्ठी तथा अभियानहरुमा सहभागी संख्या | 158 | 209 | 263 |

## नतिजा ३: जलवायु परिवर्तन अनुकुलन / प्रकोप जोखिम न्यूनीकरण

| क्षेत्र | आ.व. २०७६/७७ को लक्ष | आ.व. २०७६/७७ को उपलब्धि | Phase III को हालसम्मको उपलब्धि |
|---|---|---|---|
| सुधारिएको चुल्हो (ICS) निर्माण संख्या | 250 | 250 | 650 |
| सुधारिएको चुल्हो (ICS) बाट लाभान्वित जनसंख्या | 1750 | 1750 | 4150 |
| सुधारिएको पानी घट्ट (IWM) निर्माण संख्या | 1 | 1 | 1 |
| सुधारिएको घट्ट (IWM) बाट लाभान्वित जनसंख्या | 119 | 119 | 119 |
| जलवायु परिवर्तन अनुकुलन / प्रकोप जोखिम न्यूनीकरण सम्बन्धि भौतिक क्रियाकलापहरु | 0 | 0 | 0 |
| जलवायु परिवर्तन अनुकुलन / प्रकोप जोखिम न्यूनीकरण सम्बन्धि समुदायस्तरमा गरिएको तालिम, गोष्ठीहरु | 0 | 0 | 0 |
| जलवायु परिवर्तन अनुकुलन / प्रकोप जोखिम न्यूनीकरण सम्बन्धि गाउँपालिका तथा वडास्तरमा गरिएको तालिम, गोष्ठीहरु | 2 | 2 | 3 |

## नतिजा ४: क्षमता विकास

### क्षमता विकास सम्बन्धि क्रियाकलापहरुको बुँदागत सारांश:

- खानेपानी, सिचाई, विद्यालय सरसफाई योजना, आधुनिक घट्ट निर्माण योजना, सुधारिएको चुलो निर्माण योजनाल लगायत योजनाहरुमा परियोजनाको चरणवद्ध कार्यपद्धति अनुसार विभिन्न क्षमता विकासका क्रियाकलापहरु संस्थाचलन गरिएको थियो । ति क्रियाकलापहरु संचालन गर्दा ६५३ महिला र ५६४ पुरुष गरी जम्मा ११२७ जना महिला पुरुषको सहभागिता भएको थियो ।
- जिल्ला, गाउँपालिका, वडा तथा वस्ति स्तरमा सरसफाई, स्वच्छता तथा महिनावारी व्यवस्थापन सम्बन्धि विभिन्न तालिम तथा गोष्ठीहरु संचालन भएका थिय । ति तालिम तथा गोष्ठीहरुमा ८०७ महिला र ४७७ पुरुष गरी जम्मा १२८४ जनाको सहभागिता भएको थियो ।



GOVERNMENT OF NEPAL
EUROPEAN UNION
Ministry for Foreign Affairs of Finland

- जिल्ला, गाउँपालिका, वडा तथा वस्ति स्तरमा जिविकोपार्जन तथा सहकारी विकाससंग सम्वन्धित तालिम तथा गोष्ठीहरु संचालन गरिएको थियो । ति तालिम तथा गोष्ठीहरुमा ७२५ महिला र ३९९ पुरुष गरी जम्मा ११२४ जनाको सहभागिता रहेको थियो ।
- जिल्ला तथा गाउँपालिका स्तरमा विन्न प्राविधिक तालिमहरु संचालन गरिएको थियो । ति तालिम तथा गोष्ठीहरुमा चार जना महिला र २९ जना पुरुष गरी जम्मा ३३ जनाको सहभागिता भएको थियो ।
- गाउँपालिका तथा वडा स्तरमा नविकरणीय उर्जा तथा जलवायु परिवर्तन संग सन्वन्धित विभिन्न तालिम तथा गोष्ठीहरु संचालन गरिएको थियो । ति तालिम तथा गोष्ठीहरुमा ३६जना महिला र ५९८ जना पुरुषको सहभागिता रहेको थियो ।
- जिल्ला तथा गाउँपालिका स्तरमा विभिन्न क्षमता विकासका क्रियाकलापहरु जस्तैः जनप्रतिनिधिहरुको क्षमता विकास तालिम, निर्णयमा महिला कार्यशाला गोष्ठी, पानी सुरक्षा योजना तालिम, जिल्ला स्तरिय प्याड निर्माण तालिम, पुर्ण सरसफाई सम्वन्धि तालिम लगायत तालिमहरु सफल्तापुर्वक सम्पन्न भएका थिय । ति तालिम तथा गोष्ठीहरुमा १२१ जना महिला र १३० जना पुरुष गरी जम्मा २५१ जनाको सहभागिता भएको थियो ।
- वस्ति स्तर, योजना स्तर, वडा स्तर, गाउँपालिका स्तर र जिल्ल स्तरमा गरिएका विभिन्न तालिम तथा गोष्ठीहरुमा २२५६ महिला र २१९७ पुरुष गरी जम्मा ४४५३ जना महिला पुरुषको सहभागिता भएको थियो ।

# आर्थिक वर्ष २०७६/७७ को वार्षिक प्रगति प्रतिवेदन

## १. पृष्ठभूमि

कर्णाली प्रदेश र सुदुर पश्चिम प्रदेशका ग्रामीण क्षेत्रमा **"न्यायोचित, समतामूलक तथा दिगो रुपमा पानीको उपयोगको माध्यमवाट स्थानीय जनताहरुको जीवनस्तर सुधार तथा जीवीकोपार्जनका अवसरहरुको वृद्धि गर्ने"** लक्ष्यका साथ नेपाल सरकार र गणतन्त्र फिनल्याण्ड सरकार बीच सम्झौता भई आर्थिक वर्ष २०६३/०६४ देखि यस क्षेत्रका १० जिल्लाहरु (अछाम, बैतडी, बझाङ्ग, बाजुरा, डडेलधुरा, दार्चुला, डोटी, कैलाली, दैलेख र हुम्ला) मा सफलता पूर्वक निरन्तर सञ्चालन भइरहेको ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनो (RVWRMP) राज्यको पुनर्सरचनासँगै नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को मर्म अनुरुप अर्थिक वर्ष २०७४/०७५ को आरम्भ देखिनै स्थानीय सरकार मातहत कार्यान्वयन भईरहेको छ ।

नेपालमा संघीयताको कार्यान्वयन सँगै नेपालको संविधान २०७२ ले परिकल्पना गरे वमोजिम स्थानीय विकास निर्माणको जिम्मेवारी स्थानीय तहको काँधमा आएको छ । संघ र प्रदेशको संयुक्त अधिकार सूचीमा भएका बाहेक स्थानीय तहका विभिन्न २२ वटा अधिकारहरु नेपालको संविधान, २०७२ को अनुसूची ८ मा व्यवस्था गरिएको छ । जस अनुसार स्थानीय स्तरका जनसरोकारका सबै विषयवस्तुहरुको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन स्थानीय तहको जिम्मेवारी भित्र पर्दछ ।

यस गाउँपालिकामा परियोजना कार्यान्वयन गर्नको लागि मिति २०७४ साल श्रावण ५ गते स्थानीय पूर्वाधार विभाग (साविक डोलीडार), यस गाउँपालिका र जिल्ला समन्वय समिति बीच समझदारी पत्रमा हस्ताक्षर सम्पन्न भएको हो । सोहि समझदारी पत्रमा उल्लेख भएका बुँदाहरु तथा परियोजनाको स्वीकृत परियोजना कार्यान्वयन निर्देशिका मा उल्लेख भएका प्रावधानहरु मातहत रही आर्थिक वर्ष २०७६/०७७ मा किटान गरिएका लक्ष वमोजिम हासिल गरिएका उपलब्धीहरु, आइपरेका समस्याहरु लगायतका विषयहरुलाई विष्लेशण गरी यो वार्षिक प्रतिवेदन तयार गरिएको छ ।

आर्थिक वर्ष २०७६/०७७ मा परियोजना अन्तर्गत कुल बिनियोजित रकम मध्ये **११२** प्रतिशत रकम निकासा भै **११०** प्रतिशत खर्च भएको छ । जसमध्ये नेपाल सरकार तर्फको **रु.७,३७०।** रकम फ्रिज भएको छ भने दातृ निकाय तर्फको ९,२१,८२२।०९ रकम खर्च हुन नसकी चेक मार्फत फिर्ता पठाइएको छ । स्थानीय तहको विनियोजित **रु. ६९,११,२५५।७१। मध्ये रु. ६९,११,२५५।७१** खर्च भएको छ । यस स्थानीय तहमा बार्षिक बजेटको तुलनामा **१०९।८१** आर्थिक प्रगति हासिल भएको छ ।

तर्जुमा गरिएका ११ वटा भौतिक निर्माण तर्फका योजनाहरु मध्ये १३ वटा योजनाहरु सम्पन्न भएका छन् भने १ वटा निर्माणाधिन अवस्थामा रहेको छ । साथै निर्माणाधिन अवस्थामा रहेको योजनामा आगामी बर्षमा समेत निरन्तर रुपमा निर्माण कार्य हुने गरी जिम्मेवारी सरी गएको छ ।

यस प्रतिवेदनमा नौमुले गाउँपालिकामा ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना अन्तर्गत हासिल भएको प्रगती तथा सम्पन्न हुन नसकेकाका क्रियाकलापहरु तथा आइपरेका समस्याहरुलाई संक्षिप्त रुपमा प्रस्तुत गरिएको छ । यस प्रतिवेदनले गाउँपालिका परियोजना व्यवस्थापन समिति तथा परियोजना सहयोग इकाई/परियोजना समन्वय कार्यालयलाई समेत भविष्यमा परियोजनालाई थप प्रभावकारी बनाउनको लागि चाल्नु पर्ने आवश्यक कदमको बारेमा मार्गदर्शन प्रदान गर्ने अपेक्षा गरिएको छ।

# २. लक्ष बमोजिम उपलब्धी

## २.१ "जलउपयोग गुरुयोजना / जीविकोपार्जन कार्यन्वयन योजना" को कार्यन्वयन प्रगति

नौमुले गाउँपालिकाको जल उपयोगग गुरु योजना साविकका ७ वटा गाउँविकास समितिहरु मा तयार भएका जल उपयोग गुरु योजनाहरुलाई आर्थिक वर्ष २०७५/०७६ मा मर्ज गरी तयार गरिएको हो । यसै गुरु योजनाको जगमा टेकेर गाउँपालिकामा खानेपानी योजना, सिचाई योजना, विभिन्न सरसफाई संरचनाहरु, जिविकोपार्जनका क्रियाकलापहरु, नविकरणिय उर्जा तथा जलवायु परिवर्तन संग सम्वन्धित कार्यहरु र ति कार्यहरुलाई अझ बढि प्रभाकारी बनाउनको लागी विभिन्न तहका क्षमता विकासका क्रियाकलापहरु संचालन गरिएको छ ।

### २.१.१. जलउपयोग गुरुयोजनाको कार्यन्वयन सम्बन्धि महत्वपूर्ण प्रगतिहरु:

- खानेपानी तथा सरसफाई, जिविकोपार्जन, सिचाई तथा बहुउपयोगी योजनाहरु र क्षमता विकासका क्रियाकलापहरु गुरु योजनाको प्राथमिक्ताका आधारमा नै निर्माण भएका छन । परियोजनाको तेस्रो चरणमा मात्र ३० भन्दा बढि खानेपानी तथा सरसफाई योजनाहरु निर्माण भएका छन । पालिकामा ३ वटा भन्दा बढि सिचाई योजनाहरु निर्माण भएका छन ।

### २.१.२. जीविकोपार्जन कार्यन्वयन योजनाको कार्यन्वयन सम्बन्धि महत्वपूर्ण प्रगतिहरु:

- यस पालिकामा तयार भएको जिविकोपार्जन संग सम्वन्धित गुरु योजनामा समावेस भएका क्रियाकलापहरुलाई प्राथमिक्ताका साथ कार्यान्वयन गरिएको छ । यस पालिकामा हाल सम्म ३० वटा घरवारी व्यवस्थापन समुहहरु गठन ७८१ घरधुरीलाई घरवारी व्यवस्थापन तालिम दिइएको छ भने ति घरधुरीहरुले घरवारी व्यवस्थापन गरेका छन ।
- यस गाउँपालिकामा तेस्रो चरणमा २८१ घरधुरीले व्यवसायिकरुपमा तरकारी तथा फलफुल खेती गरेका छन ।
- यस गाउँपालिकाको केन्द्रमा रहेको नौमुले बजारले सुर्खेत नेपालगंज बजारको तरकारीमा भर पर्नु पर्ने थियो भने केही हद सम्म स्थानिय उत्पादनले धानेको छ ।
- यस पालिकामा परियोजनाले अलैचि खेतीलाई प्राथमिक्ताका साथ काम गरेको छ । यस बर्ष देखी अलैचि मुल्य शृखलामा पनि काम गरेको जसले गर्दा भविश्यमा अलैचिको मुल्य देखी यसको खरिद गर्ने ठेकेदार तथा कम्पनिहरु लाई समेत कृषकको पहुचमा पुग्ने गरी एउटा च्यानल तयार गरी यसैका संस्थागत विकास गर्ने गरी योजना तयार गरी कार्यान्वयन गर्ने क्रममा रहेको छ ।

## २.२ भौतिक प्रगति

यस गाउँपालिकामा आर्थिक वर्ष २०७६/७७ मा भौतिक निर्माण तर्फ हासिल गरिएको प्रमुख उपलब्धी बुँदागत रुपमा निम्न बमोजिम प्रस्तुत गरिएको छ :

- यस चालु आ.व.मा ४ वटा खानेपानी योजनाहरु निर्माण सम्पन्न भएका छन भने १ वटा योजना क्रमागतमा रहेको छ
- यस लाचु आ.व. मा १ वटा सिचाई योजना निर्माण भएको छ ।
- २ वटा आधुनिक घट्ट निर्माण भएका छन ।
- २५० वटा सुधारिएको चुलो निर्माण भएका छन ।
- २ वटा विद्यालय सरसफाई योजना निर्माण भएका छन ।
- १० वटा प्लास्टिक टनेल निर्माण भई व्यवसाय गरेका छन ।
- परियोजना तथा गापाको साझेदारीमा १०८ वटा चाँग र जुठेन निर्माण भएका छन ।
- नेपाल रेडक्रस संको साझेदारीमा ४९ वटा चाँग, जुठेन र सरसफाईका अन्य संरचनाहरु निर्माण भयका छन ।



GOVERNMENT OF NEPAL

EUROPEAN UNION

Ministry for Foreign Affairs of Finland

## तालिका २.१: यस आर्थिक वर्षमा हासिल गरिएको भौतिक उपलब्धी

| क्र.सं. | योजनाको प्रकार | सम्पन्न गर्ने लक्ष | | हासिल भएको उपलब्धी | | प्रगती प्रतिशत (%) | |
|---|---|---|---|---|---|---|---|
| | | योजना संख्या | लाभान्वित जनसंख्या | योजना संख्या | लाभान्वित जनसंख्या | योजना संख्या | लाभान्वित जनसंख्या |
| १ | खानेपानी योजनाहरु | 4 | 1284 | 4 | 1284 | 100 | 100 |
| २ | सिँचाई योजनाहरु | 1 | 514 | 1 | 514 | 100 | 100 |
| ३ | संस्थागत चर्पीहरु (संख्या) | 2 | 500 | 2 | 746 | 100 | 149 |
| ४ | घरबारी व्यवस्थापन (घरधुरी) | 16 | 2400 | 16 | 2496 | 100 | 104 |
| ५ | सुधारिएको चुल्हो | 250 | 1750 | 250 | 1750 | 100 | 100 |
| ६ | सुधारिएको पानी घट्ट (संख्या) | 1 | 119 | 1 | 119 | 100 | 100 |

## तालिका २.२: यस आर्थिक वर्षमा सम्पन्न भएका आयोजनाहरु

| क्र.सं. | क्षेत्र | आयोजनाको नाम | आयोजनाको संक्षिप्त विवरण |
|---|---|---|---|
| १ | खानेपानी तथा सरसफाई | असउजे, कोप्चेखोला, नौधारे, तल्लो नाउली र सिस्नेरी खानेपानी तथा सरसफाई योजनाहरु निर्माण सम्पन्न भएका छन भने उर्लेनी खानेपानी तथा सरसफाई योजना निर्माणाधिन अवस्थामा रहेको छ साथै यस आ.व. मा २ वटा विद्यालय सरसफाई योजनाहरु पनि निर्माण सम्पन्न भएका छन । | नौमुले गाउँपालिकामा आ.व. ०७६।०७७ मा संचालन गरिएका खानेपानी योजनाहरुमा निर्माण भएका संरचनाहरु क्रमश : मुहान २१ वटा, डिसि ९ वटा, आरभिटि २१ वटा, आइसि ३ वटा, एफआरसि ३१ वटा, विद्यालय धारा ४ वटा, विपिटि, २ वटा, केवल क्रसिंग ३ वटा, धारा १७८ वटा र अन्य संरचनाहरु ८ वटा गरी जम्मा २८१ वटा विभिन्न संरचनाहरु निर्माण भएका छन भने यि योजनाहरुबाट १२८४ जना लाभान्वित भएका छन साथै विद्यालय सरसफाई योजनाबाट ७४६ जना विद्यायार्थि लाभान्वित भएका छन । |



GOVERNMENT OF NEPAL

EUROPEAN UNION

Ministry for Foreign Affairs of Finland

| | | | |
|---|---|---|---|
| २ | सिचाई तथा वहुउपयोगी योजनाहरु | सरकारी सिचाई कुलो र खाग्राखेत वहुउपयोगी योजना यस आर्थिक वर्षमा निर्माण सम्पन्न भएका छन | सरकारी सिचाई कुलो तथा सुधारिएको पानी घट्ट योजनाबाट ५१४ जना लाभान्वित भएका छन । |
| ३ | जिविकोपार्जन तर्फ | रापट आयआर्जन समुहमार्फत रापट प्लास्टिक घर निर्माण योजना निर्माण सम्पन्न भएको छ । | वडा नं. २ को रापत भन्ने ठाउमा रहेको रापट आयआर्जन समुहका १० वटा घरधुरीमा १० वटा प्लास्टिक टनेल निर्माण भई ६० जना लाभान्वित भएका छन । |
| ४ | जलवायु परिवर्तन अनुकुलन / प्रकोप जोखिम न्यूनीकरण | सिस्नेरी सुधारिएको चुलो निर्माण योजना सम्पन्न भएको छ । | नौमुले गाउँपालिका वडा नं. ८ का २५० घरधुरीमा सुधारिएको चुलो निर्माण भई १७५० जना लाभान्वित भएका छन । |
| | | सुधारिएको पानी घट्ट योजना | वडा नं. ७ को पैतिमा सुधारिएको पानी घट्ट् निर्माण पश्चात २६ घरधुरीका ११९ जना लाभान्वित भएका छन । |

तपसील बमोजिमको कारणले लक्ष गरिए बमोजिम योजनाहरु सम्पन्न हुन नसकी लक्षीत उपलब्धी हासिल हुन सकेन ।

**तालिका २.३: लक्ष बमोजिम भौतिक उपलब्धी हासिल हुन नसक्नुको कारण**

| क्र.सं. | लक्ष बमोजिम उपलब्धी हासिल हुन नसक्नुको कारण | भविष्यमा यस प्रकारको समस्या आउन नदिनको लागि गाउँपालिका परियोजना व्यवस्थापन समितिको रणनीति |
|---|---|---|
| १ | सहकारी व्यवस्थापन तालिम र जिल्ला स्तरिय चौमासिक समिक्षा बैठक विश्वमै महामारीको रुपमा फैलिएको कोरोना भाइरसको कारणले गर्दा संचानल गर्न नसकिएको हो । | कार्य योजनामा उल्लेख भए अनुसार क्रियाकलापहरु संचालन गर्नु पर्ने देखिन्छ तर यि दुबै क्रियाकलापहरु भने तेस्रो चौमासिकमै राखिएको थियो । तेस्रो चौमासिक सुरु हुदा बितिकै देशमा लकडाउन सुरु भयो र कार्य गर्न सकिएन । |

## २.३ क्षमता विकास

आर्थिक वर्ष २०७६/०७७ मा यस गाउँपालिकामा क्षमता विकास तर्फ हासिल भएका प्रमुख उपलब्धीहरु निम्न बमोजिम रहेका छन् ।

- खानेपानी, सिचाई, विद्यालय सरसफाई योजना, आधुनिक घट्ट निर्माण योजना, सुधारिएको चुलो निर्माण योजनाल लगायत योजनाहरुमा परियोजनाको चरणवद्ध कार्यपद्धति अनुसार विभिन्न क्षमता विकासका क्रियाकलापहरु संस्थाचलन गरिएको थियो । ति क्रियाकलापहरु संचालन गर्दा ६५३ महिला र ५६४ पुरुष गरी जम्मा ११२७ जना महिला पुरुषको सहभागिता भएको थियो ।
- जिल्ला, गाउँपालिका, वडा तथा वस्ति स्तरमा सरसफाई, स्वच्छता तथा महिनावारी व्यवस्थापन सम्बन्धि विभिन्न तालिम तथा गोष्ठीहरु संचालन भएका थिय । ति तालिम तथा गोष्ठीहरुमा ८०७ महिला र ४७७ पुरुष गरी जम्मा १२८४ जनाको सहभागिता भएको थियो ।
- जिल्ला, गाउँपालिका, वडा तथा वस्ति स्तरमा जिविकोपार्जन तथा सहकारी विकाससंग सम्वन्धित तालिम तथा गोष्ठीहरु संचालन गरिएको थियो । ति तालिम तथा गोष्ठीहरुमा ७२५ महिला र ३९९ पुरुष गरी जम्मा ११२४ जनाको सहभागिता रहेको थियो ।
- जिल्ला तथा गाउँपालिका स्तरमा विन्न प्राविधिक तालिमहरु संचालन गरिएको थियो । ति तालिम तथा गोष्ठीहरुमा चार जना महिला र २९ जना पुरुष गरी जम्मा ३३ जनाको सहभागिता भएको थियो ।


GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland

- गाउँपालिका तथा वडा स्तरमा नविकरणीय उर्जा तथा जलवायु परिवर्तन संग सन्वन्धित विभिन्न तालिम तथा गोष्ठीहरु संचालन गरिएको थियो । ति तालिम तथा गोष्ठीहरुमा ३६ जना महिला र ५९८ जना पुरुषको सहभागिता रहेको थियो
- जिल्ला तथा गाउँपालिका स्तरमा विभिन्न क्षमता विकासका क्रियाकलापहरु जस्तैः जनप्रतिनिधिहरुको क्षमता विकास तालिम, निर्णयमा महिला कार्यशाला गोष्ठी, पानी सुरक्षा योजना तालिम, जिल्ला स्तरिय प्याड निर्माण तालिम, पुर्ण सरसफाई सम्वन्धि तालिम लगायत तालिमहरु सफल्तापुर्वक सम्पन्न भएका थिय । ति तालिम तथा गोष्ठीहरुमा १२१ जना महिला र १३० जना पुरुष गरी जम्मा २५१ जनाको सहभागिता भएको थियो ।
- वस्ति स्तर, योजना स्तर, वडा स्तर, गाउँपालिका स्तर र जिल्ला स्तरमा गरिएका विभिन्न तालिम तथा गोष्ठीहरुमा २२५६ महिला र २१९७ पुरुष गरी जम्मा ४४५३ जना महिला पुरुषको सहभागिता भएको थियो ।

**तालिका २.४: क्षमता विकास तर्फ प्रशिक्षित जनशक्तिको विवरण सारांश**

| क्षमता अभिवृद्धि क्रियाकलाप | दलित महिला | दलित पुरुष | जनजाती महिला | जनजाती पुरुष | अन्य महिला | अन्य पुरुष | जम्मा महिला | जम्मा पुरुष |
|---|---|---|---|---|---|---|---|---|
| खानेपानी योजना चरणवद्ध कार्यपद्धति वमोजिमका तालिम | १५४ | १२८ | २१७ | २४६ | १९२ | १९० | ५६३ | ५६४ |
| सरसफाइ, स्वच्छता तथा महिनावारी व्यवस्थापन सम्बन्धी तालिमहरु | १११ | ६२ | ३५४ | १३१ | ३४२ | २८४ | ८०७ | ४७७ |
| जिवीकोपार्जन तथा सहकारी विकाससंग सम्बन्धित तालिमहरु | १६४ | ४९ | ३०२ | १६३ | २५९ | १८७ | ७२५ | ३९९ |
| स्थानीय स्रोत व्यक्ति विकाससंग सम्बन्धित प्राविधिक तालिमहरु | ० | ५ | १ | ८ | ३ | १६ | ४ | २९ |
| जलउपयोग तथा जीविकोपार्जन कार्यान्वयन गुरुयोजनासंग सम्बन्धित तालिमहरु | ० | ० | ० | ० | ० | ० | ० | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| नवीकरणीय उर्जा तथा जलवायु परिवर्तन संग सम्बन्धित तालिमहरु | ११ | १२६ | ११ | २३८ | १४ | २३४ | ३६ | ५९८ |
| गाउँपालिकास्तरीय क्षमता विकास तालिमहरु | १३ | ६ | ५८ | ५० | ५० | ७४ | १२१ | १३० |
| **जम्मा:** | **४५३** | **३७६** | **९४३** | **८३६** | **८६०** | **९८५** | **२२५६** | **२१९७** |
| **प्रतिशत** | १८।६१ | | ३९।९५ | | ४१।४४ | | १०० | |

तालिमको विस्तृत विवरण अनुसूची २ मा दिइएको छ।

## २.४ जीविकोपार्जन कार्यक्रम

यस आर्थिक वर्षमा जीविकोपार्जन तर्फ यस गाउँपालिकामा निम्न बमोजिमको प्रमुख उपलब्धी हासिल भएको छ।

१. **घरबारी** : पालिकामा १६ वटा नयां घरवारी समुह गठन गरी ४१६ जना कृषकहरुलाई घरवारी व्यवस्थापन तालिम दिइएको र ९ वटा पुराना समुहका २२५ जना कृषकहरुलाई पुन ताजकी तालिम दिईएको छ।

**२.आयआर्जन** : १९८ जना कृषकहरुलाई पालिका र परियोजनाको साझेदारीमा १ लाख १८ हजार भन्दा बढि अलैचिका विरुवाहरु सहयोग गरी रोपण गरिएको छ। ४३ जना कृषकहरुलाई बेमौषमी ताजा तरकारी तालिम दिई खेति गरि रहेका छन। ६० घरधुरीका किसानलाई उन्नत जातको ओखरका विरुया सहयोग गरिएको छ भने ति ओखर यसै बर्षबाट फल्न सुरु गरेक त्यस्तै ४४ घरधुरीलाई व्यवसायिक तरकारी खेती तालिम दिई तेखी गरिरहेका छन। १० वटा प्लास्टिक घर पनि निर्माण भई खेति गरेका छन। ति टनेलबाट एक लाख भन्दा बढिको टमाटर विक्रि भएको छ।

**३.सहकारी** : सहकारीहरुलाई परियोजनाको तर्फबाट गरिने सहयोग गरिएको छ।

**४.लघु उद्यम** : अलैचि भट्टीको स्थापनाले रोजगारीको सृर्जना भएको छ।

**५.स्थानीय स्रोत व्यक्ति उत्पादन** : ३० जना ग्रामिण मर्मत सम्भार कार्यकर्ता, ५ जना सुधारिएको चुलो निर्माण गर्ने र २५ जना अगुवा कृषक तयार भएका छन। पालिकामा व्यवसायिक खेतीको विस्तार हुदै गर्दा उनिहरुको परिचालनबाट त्यसमा टेवा पुग्ने देखिन्छ।

### तालिका २.५: घरबारी व्यवस्थापन गर्ने घरधुरी विवरण

| वडा नं. | अघिल्लो आ.व. सम्म | | | | यस आ.व. मा | | | | परियोजनाको तेस्रो चरणको कुल जम्मा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दलित | जनजाती | अन्य | जम्मा | दलित | जनजाती | अन्य | जम्मा | दलित | जनजाती | अन्य | जम्मा |
| १ | ४२ | २२ | २१ | ८५ | ० | ० | ० | ० | ४२ | २२ | २१ | ८५ |
| २ | ० | २ | १८ | २० | ४८ | ४३ | १०० | १९१ | ४८ | ४५ | ११८ | २११ |
| ३ | ० | ४० | ३१ | ७१ | २० | १९ | १४ | ५३ | २० | ५९ | ४५ | १२४ |
| ४ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |



GOVERNMENT OF NEPAL

EUROPEAN UNION

Ministry for Foreign Affairs of Finland

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | ० | ५९ | ० | ५९ | २ | ५४ | ० | ५६ | ५४ | ११३ | ० | १६७ |
| ७ | २० | ० | १० | ३० | ३६ | ९ | ११ | ५६ | २९ | ९ | २१ | ५९ |
| ८ | ५१ | ० | २४ | ७५ | ० | २६ | ३४ | ६० | ५१ | २६ | ५८ | १३५ |
| **जम्मा** | **११३** | **१२३** | **१०४** | **३४०** | **१०६** | **१५१** | **१५९** | **४१६** | **२४४** | **२७४** | **२६३** | **७८१** |

## तालिका २.६: आयआर्जन सम्बन्धी विवरण

| क.सं. | आयआर्जन क्रियाकलापहरु | व्यवसाय गर्ने जम्मा व्यक्ति | | | |
|---|---|---|---|---|---|
| | | दलित | जनजाती | अन्य | जम्मा |
| १ | व्यवसायिक तरकारी तथा मसला खेती | ३५ | ७० | ३२ | १३७ |
| २ | व्यवसायिक फलफूल खेती | ११ | ३३ | १६ | ६० |
| ३ | लघुउद्यम व्यवसाय | | | | |
| ४ | बहुद्देश्यीय नर्सरी व्यवस्थापन | १ | १ | ८ | १० |
| ५ | एग्रोभेट | | | | |
| **जम्मा** | | ४७ | १०४ | ५६ | २०७ |

## तलिका २.७: सहकारी सम्बन्धी विवरणः

| क.सं. | सूचकहरु | परियोजनाको प्राविधिक सहयोग प्राप्त सहकारीको नाम | | |
|---|---|---|---|---|
| | | लालिगुरास कृषि दियाले सहकारी संस्था लिमिटेड | नवजागरण वचत तथा ऋण सहकारी संसथा लिमिटेड | नवज्योती दियालो सहकारी संस्था लिमिटेड |
| १ | सहकारीमा आवद्ध उपभोक्ता समिति संख्या | 0 | 6 | 5 |
| क | सामुदायिक संस्था | 0 | 10 | 0 |
| ख | उपभोक्ता समिति | 0 | 5 | 6 |
| ग | घरवारी व्यवस्थापन समुह | 0 | 0 | 0 |
| २ | शेयर धनीहरुको संख्या | 155 | 630 | 198 |
| क | महिला | 130 | 399 | 117 |
| ख | पुरुष | 35 | 229 | 81 |
| ३ | कुल सम्पत्ती रु. | 0 | 19709981 | 69000 |
| ४ | कुल ऋण लगानी रु | 764672 | 18872859 | 3970527 |
| ५ | असूली दर | 0 | 97.33 | |
| ६ | खुद नाफा रु | 2375 | 926821 | 113303 |
| ७ | मर्मत सम्भार कोष विनियोजन रु | 0 | 0 | 0 |
| ८ | जगेडा कोष रु. | 188294 | 3341682 | 0 |
| ९ | सञ्चालन आत्मनिर्भरता | | 113.96 | |

# ३. अनुगमन तथा प्रतिबेदन



GOVERNMENT OF NEPAL
EUROPEAN UNION
Ministry for Foreign Affairs of Finland

## तालिका ३.१: अनुगमन कार्यदलबाट योजनास्तरमा गरिएको अनुगमनको विवरण

| क्र.सं. | योजनाको नाम | चरणवद्ध कार्यपद्धति वमोजिम गर्नुपर्ने स्थलगत अनुगमन संख्या | स्थलगत अनुगमन गरिएको संख्या | गाउँपालिका कार्यालयवाट अनुगमन मा सहभागि भएको संख्या |
|---|---|---|---|---|
| १. | असउजे, कोप्चेखोला खानेपानी तथा सरसफाइ योजना | १ | १ | १ |
| २. | उर्लेनी खानेपानी खानेपानी तथा सरसफाइ योजना | ३ | ३ | ३ |
| ३. | नौधारे खानेपानी तथा सरसफाइ योजना | ३ | ३ | ३ |
| ४. | तल्लो नाउली खानेपानी तथा सरसफाइ योजना | ३ | ३ | ३ |
| ५. | सिस्नेरी खानेपानी तथा सरसफाइ योजना | ३ | ३ | ३ |
| ६. | सहकारी सिचाई तथा सुधारिएको घट्ट योजना | ३ | ३ | ३ |
| ७. | घट्टेखोला सुधारिएको पानी घट्ट योजना | ३ | ३ | ३ |
| ८. | रापट प्लास्टिक घर निर्माण योजना | ३ | ३ | ३ |
| ९. | सिस्नेरी सुधारिएको चुलो निर्माण योजना | ३ | ३ | ३ |
| १०. | शिवशक्ति विद्यालय सरसफाई योजना | ३ | ३ | ३ |
| ११. | ने.रा.आ.वि. विद्यालय सरसफाई योजना | ३ | ३ | ३ |
| | **जम्मा** | ३१ | ३१ | ३१ |

## तालिका ३.२: गाउँपालिकाबाट परियोजनामा पेश भएका प्रतिवेदनहरु

| क्र.सं. | प्रतिवेदन | आ.व. पेश गर्नुपर्ने संख्या | समयमा पेश गरिएको प्रतिवेदन संख्या | समयमा पेश गर्न नसकिएको प्रतिवेदन संख्या |
|---|---|---|---|---|
| १ | मासिक आर्थिक प्रतिवेदन (फाँटबारी) | 12 | 12 | 0 |
| २ | चौमासिक प्रगति प्रतिवेदन | 3 | 3 | 0 |
| ३ | वार्षिक प्रतिवेदन | 1 | 1 | 0 |
| | **जम्मा** | १६ | १६ | ० |

## तालिका ३.३: अनुगमनमा औँल्याइएका सुझाबहरुको कार्यान्वयन

| क्र.सं. | अनुगमन मिति | अनुगमन टोलीले दिएको सुझाब | सुझावको कार्यान्वयन विवरण |
|---|---|---|---|
| १ | २०७६।०८।१२ | योजनाको दिगोपनाको लागी मर्मत सम्भार कार्यकर्ता, मर्मत सम्भार कार्यविधि र पानी सुरक्षा योजना तयार गरी लागु गर्नु पर्ने | निर्माण सम्पन्न योजनाहरुमा अनुगमन टोलीले दिएका सुझावअनुसार चरणवद्ध तरिकाले कार्यन्वयनमा लगिएको छ। |
| २ | २०७६।१२।२६ | योजनाको निर्माण संगसगै पूर्ण सरसफाईका क्रियाकलापहरु, पानीका मुहानहरुमा बृक्षारोपणका क्रियाकलापहरु पनि संचालन गर्नु पर्ने | योजनाहरुको अनुगमनकोक्रममा अनुगमन टोलीले दिएका सुभावहरु क्रमश कार्यन्वयमा लगिएको छ। |



GOVERNMENT OF NEPAL

EUROPEAN UNION

Ministry for Foreign Affairs of Finland

| | | | |
|---|---|---|---|
| ३ | २०७७।०२।२३ | योनाको दिगोपनाको लागी मर्मत सम्भार कार्यकर्तालाई नियमित परिचालन गर्नु पर्ने | योजनाहरुको अनुगमनकोक्रममा अनुगमन टोलीले दिएका सुभावहरु क्रमश कार्यन्वयमा लगिएको छ । |
| ४ | २०७७।०३।१२ | योजनाको दिगोपनाको लागी मर्मत सम्भार कार्यकर्ता, मर्मत सम्भार कार्यविधि र पानी सुरक्षा योजना तयार गरी लागु गर्नु पर्ने | निर्माण सम्पन्न योजनाहरुमा अनुगमन टोलीले दिएका सुझावअनुसार चरणवद्ध तरिकाले कार्यन्वयनमा लगिएको छ । |

# ४. प्रगती समीक्षा तथा योजना तर्जुमा

## तालिका ४.१: गाउँपालिका परियोजना व्यवस्थापन समितिको बैठक

| बैठक नं. | मिति | प्रमुख छलफल तथा निर्णयहरु |
|---|---|---|
| १ | २०७६।४।३० | गाउँपालिका, जलस्रोत अधिकृत र सहयोगी संस्थाको वार्षिक कार्य सम्पादन मुल्यांकन अनुमोदन, सहयोगी संस्थाको सम्झौता नविकरण तथा सव इन्जिनियरको पद पुर्ति सम्वन्धमा निर्णय भएको । |
| २ | २०७६।५।३० | गाउँपालिका जलस्रोत अधिकृत र सहयोगी संस्थाको सम्झौता, सहयोगी संस्थाका कर्मचारीहरुको तलव बृद्धि, सव इन्जिनियरको पद पुर्ति, स्थानिय श्रोत व्यक्तिको नियुक्ति तथा वार्षिक कार्य योजना स्विकृती लगायतका निर्णयहरु भएका । |
| ३ | २०७६।७।२६ | चालु तर्फका क्रियाकलापहरु संचालन, प्यलाष्टिक घरको सम्झौता, मिडिया परिचालन, योजना स्तरिय अनुगमन, ओखरखेती प्रवर्धन लगायतका निर्णयहरु भएका । |
| ४ | २०७६।८।३० | आ.व. ०७६।०७७ को लागी साझेदारी रकम माग सम्वन्धमा निर्णय भएको । |
| ५ | २०७६।९।२६ | प्लास्टिक घर निर्माण योजनाको सम्झौता , विद्यालय सरसफाई योजनाको लागी साझेदारी रकम माग, फुजि स्याउको सम्भाव्यता अध्यन, नौमुले खानेपानी तथा सरसफाई योजनाको मर्मत सम्भार लगायतका निर्णयहरु भएका । |
| ६ | २०७६।१०।२९ | एग्रोभेट तालिममा सहभागि पठाउने सम्वन्धमा निर्णय भएको । |
| ७ | २०७६।११।२९ | गाउँपालिका स्तरिय अनुगमन, प्लास्टिक घर निर्माण योजनाको अन्तिम किस्ता भुक्तानी, आधुनिक घट्ट निर्माण योजनाको लागी साझेदारी रकम माग सन्वन्धमा निर्णय भएको । |
| ८ | २०७६।१२।५ | स्थानिय श्रोत व्यक्तिको परिचालन तथा पारिश्रमिक थप र शिवशक्ति विद्यालय सरसफाई योजनाको सम्झौता अवधि थप सम्वन्धामा निर्णयहरु भएका । |
| ९ | २०७७।१।३० | निर्माणाधिन योजनाहरुको बजार निर्माण साग्रीहरुको लागी पहल गर्ने तथा योजनाहरु नियमित संचालन सम्वन्धमा निर्णयहरु भएका । |
| १० | २०७७।२।३ | आ.व. ०७७।०७८ को लागी कार्यक्रम अनुमोदन तथा अलैचि खेती विस्तार सम्वन्ध निर्णयहरु भएका । |
| ११ | २०७७।२।१३ | योजनाहरुको अनुगमन तथा सिसिएाडिआरआर सम्वन्धि शिर्षकको बजेट खर्च सम्वन्धमा निर्णय भएको । |
| १२ | २०७७।३।९ | जल उपयोग तथा जिविकोपार्जन गुरु योजना अनुमोदन, खानेपानी सरसफाई तथा स्वच्छता व्यस्थापन समिति गठन, वास बोर्ड गठन सम्वन्धि निर्देशिका अभिमुखिकरण, खानेपानी सरसफाई तथा स्वच्छता क्षेत्रका विभिन्न नितिहरुको अनुमोदन, अलैचि मुल्य श्रृखलाको कार्ययोजना अनुमोदन, म्याचिंग फन्ड माग तथा आ.व. ०७७।०७८ को बजेट तथा कार्यक्रम अनुमोदन सम्वन्धमा निर्णयहरु भएका । |
| **RMSU तथा SO को संयुक्त मासिक वैठक** | | |
| १ | २०७६।४।३० | • प्रगती समिक्षा, बार्षिक तथा आगामी महिनाको कार्य योजना तयार |
| २ | २०७६।५।२२ | • प्रगती समिक्षा, अगामी महिनाको कार्य योजना, फिल्ड अफिस र कलस्टर भाडफाड आदी । |



GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland

| | | |
|---|---|---|
| ३ | २०७६।५।२९ | • मासिक प्रगती समिक्षा र स्थानिय श्रोत व्यक्तिहरुको परिचालनको लागी सिफारिस |
| ४ | २०७६।६।२८ | • मासिक प्रगती समिक्षा र अगामी महिनाको कार्य योजना |
| ५ | २०७६।७।३० | • मासिक प्रगती समिक्षा र अगामी महिनाको कार्य योजना |
| ६ | २०७६।८।३० | • मासिक प्रगती समिक्षा र अगामी महिनाको कार्य योजना |
| ७ | २०७६।९।२५ | • मासिक प्रगती समिक्षा र अगामी महिनाको कार्य योजना |
| ८ | २०७६।१०।२६ | • मासिक प्रगती समिक्षा र अगामी महिनाको कार्य योजना |
| ९ | २०७६।११।२९ | • मासिक प्रगती समिक्षा र अगामी महिनाको कार्य योजना |
| १० | २०७६।१२।३० | • मासिक प्रगती समिक्षा र अगामी महिनाको कार्य योजना |
| ११ | २०७७।१।२९ | • मासिक प्रगती समिक्षा र अगामी महिनाको कार्य योजना |
| १२ | २०७७।०२।३२ | • मासिक प्रगती समिक्षा र अगामी महिनाको कार्य योजना |
| १३ | २०७७।३।२८ | • बार्षिक प्रगती समिक्षा तथा आगामी महिना गरिने क्रियाकलापहरु |

# ५. नीति तर्जुमा

नेपाल सरकारले २०७२ सालमा तयार गरेको संविधान अन्तर्गत तयार भएको स्थानिय सरकार संचालन ऐन २०७४ मा उल्लेख भए अनुसार आवश्यक ऐन, निति नियम तयार गर्न सक्ने प्रावधान भए अनुसार नौमुले गाउँपालिकामा यस आ.व. मा २ वटा नितिहरु तर्जुमा गरियको छ। ति नितिहरु क्रमशः जलस्रोत नियमावली २०७६ र खानेपानी, सरसफाई तथा स्वच्छता व्यवस्थापन नियमावली २०७७ नौमुले गाउँपालिका गाउँकार्यपालिकाले पारित गरेको छ। साथै आ.व. २०७७०७८ को निति तथा कार्यक्रममा मा तपसिलमा उल्लेखित नितिहरु नौमुले गाउँपालिकाको गाउँसभाबाट पारित भएका छन।

<u>तपशिल :</u>

- खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन निर्देशिका २०७७ गाउँसभाबाट अनुमोदन
- जलउपयोग गुरुयोजना तथा जिविकोपार्जन कार्यन्वयन योजना गाउँ सभाबाट अनुमोदन
- मर्यादित महिनावारी स्वच्छता व्यवस्थापन कार्यविधि २०७७ गाउँसभाबाट अनुमोदन

# ६. सहकार्य

## तालिका ६.१: परियोजनासँग सम्बन्धित कृयाकलापहरुमा सहकार्य

| क्र.सं. | निकायको नाम | कार्यक्रम | सहकार्यको प्रकार | सहकार्यको रकम रु. (वा बराबर) |
|---|---|---|---|---|
| १ | नेपाल रेडक्रश सोसाइटी | सरसफाइ संरचना निर्माण | खानेपानी योजना तथा सरसफाईका संरचनाहरु निर्माण | ५००००० |
| २ | अक्सफाम नेपाल | अभियान संचालन | १६ दिने महिला हिंसा विरुद्ध अभियान कार्यक्रममा सहकार्य गरिएको | ६०००० |

# ७. आइपरेका समस्याहरु

## लिका ७.१: आइपरेका समस्याहरु तथा समाधानका प्रयासहरु



GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland

| क्र.सं. | समस्याहरु | समाधानका प्रयासहरु |
|---|---|---|
| १ | विश्वमा महामारीको रुपमा फैलिएको कोरोना भाइरसको कारण भएको लकडाउनका कारण योजनाका गतिविधिहरु सहजरुपमा संचालन गर्न नसकिएको । | ○ सामाजिक दुरी कायम गरी योजनाका गतिविधिहरु अगाडी बढाईएको । |
| २ | योजना निर्माणका बजार सामाग्रीहरु ढुवानीमा असहज भएको । | ○ निर्माण सामाग्रीहरु ढुवानीको लागी गाउँपालिका, जिल्ला प्रशासन लगायत निकायहरुमा समन्वय गरी काम गरिएको । |



GOVERNMENT OF NEPAL
EUROPEAN UNION
Ministry for Foreign Affairs of Finland

# अनुसूची १: यस आ.व.मा संचालित योजनाहरुको विवरण

| योजनाको नाम | वडा नं. | योजनाको अनुमानित लागत (रु. मा) (GoN+GoF+EU+RM) | यस योजनामा हालसम्म भएको खर्च (रु) (GoN+GoF+EU+RM) | यस आ.व.मा भएको खर्च (रु) (GoN+GoF+EU+RM) | यस योजनामा गाउँपालिकाको खर्च | आगामी आ.व.मा क्रमागत भई जाने / नजाने | आगामी आ.व.मा हुने खर्चको लक्ष (GoN+GoF+EU+RM) | यस आ.व.मा सम्पन्न आयोजना बाट लाभान्वीत जनसंख्या |
|---|---|---|---|---|---|---|---|---|
| **खानेपानी तथा सरसफाइ योजना** | | | | | | | | |
| असउजे, कोप्चेखोला खानेपानी तथा सरसफाई योजना | १ | ४७८३५८७ | ३७३८५१६ | ९०९०८५ | १३५४९६४ | ० | ० | ३९५ |
| उर्लेनी खानेपानी तथा सरसफाई योजना | २ | १२६४३०२५ | ७८७०८५८ | ७८७०८५८ | १०७३६६४ | जाने | ३८४३७९३ | |
| नौधारे खानेपानी तथा सरसफाई योजना | ३ | ३०२०७९९ | २४६७६३० | २४६७६३० | ४९६८८४ | | | २६८ |
| तल्लो नाउली खानेपानी तथा सरसफाई योजना | ६ | ३५१६४७३ | २७६१२२३ | २७६१२२३ | ५१२६११ | | | ३४० |
| सिस्नेरी खानेपानी तथा सरसफाई योजना | ८ | ४३४६५३१ | ३३७८६९८ | ३३७८६९८ | १२७१५३४ | | | ४४३ |
| **जम्मा:** | | **२८३१०४१५** | **२०२१७९२५** | **१७३८७४९४** | **४७०९६५७** | | **३८४३७९३** | **१४४६** |
| **सिँचाई / बहुपयोगी योजना** | | | | | | | | |
| सहकारी सिचाई तथा सुधारिएको पानी घट्ट योजना | ७ | २९७८१३८ | २५७७०३० | २५७७०३० | ८७३३२७ | | | ५१४ |
| **जम्मा:** | | **२९७८१३८** | **२५७७०३०** | **२५७७०३०** | **८७३३२७** | | | **५१४** |
| **संस्थागत शौचालय** | | | | | | | | |
| श्री शिवशक्ति विद्यालय सरसफाई योजना | ६ | १०००३८ | ९९७३३४ | ९९७३३४ | ५००००० | | | ५०० |
| श्री नेराआवि विद्यालय सरसफाई योजना | ८ | १०००००० | ९९३४९९ | ९९३४९९ | ५००००० | | | २४६ |
| **जम्मा:** | | **२००००३८** | **१९९०८३३** | **१९९०८३३** | **१००००००** | | | **७४६** |
| **सुधारिएको पानीघट्ट** | | | | | | | | |
| घट्टेखोला सु. पानी घट्ट योजना | ७ | १९३१९० | १७८७५५ | १७८७५५ | ६२८४१ | | | ११९ |
| **जम्मा:** | | **१९३१९०** | **१७८७५५** | **१७८७५५** | **६२८४१** | | | **११९** |
| **सुधारिएको चुल्हो** | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| सिस्नेरी सुधारिएको चुलो योजना | ८ | ६५०००० | ६३५२५० | ६३५२५० | ३३५२५० | | | १७५० |
| **जम्मा:** | | **६५००००** | **६३५२५०** | **६३५२५०** | **३३५२५०** | | | **१७५०** |

## अनुसूची २.१: यस आ.व.मा संचालित तालिमहरुको विवरण

| क्र.सं. | सञ्चालित तालिमको नाम | वडा नं. | तालिमको अवधि | तालिम संख्या | दलित महिला | दलित पुरुष | जनजाती महिला | जनजाती पुरुष | अन्य महिला | अन्य पुरुष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **खानेपानी योजना चरणवद्ध कार्यपद्धति वमोजिमका तालिम** | | | | | | | | | | |
| १ | उपभोक्ता समिति अभिमुखिकरण गोष्ठी | २, ३, ६, ७, ८ | १ दिन | ५ | १२ | १३ | १५ | १७ | १० | १५ |
| २ | लैगिक समनता तथा सामजिक समावशिकरण गोष्ठी | २, ३, ६, ७, ८ | १ दिन | ५ | ९ | ७ | १५ | १९ | १० | ११ |
| ३ | लेखा व्यवस्थापन तालिम | २, ३, ६, ७, ८ | ३ दिन | ५ | ११ | ९ | १४ | १५ | १४ | १४ |
| ४ | पानी शुरक्षा गोष्ठी | २, ३, ६, ७, ८ | १ दिन | ५ | ११ | ८ | १६ | १८ | १३ | १० |
| ५ | घरवारी व्यवस्थापन अभिमुखिकरण गोष्ठी | २, ३, ६, ७, ८ | १ दिन | ५ | ११ | ८ | ११ | ११ | ९ | ८ |
| ६ | सामुदायिक कार्य योजना तैयारी | २, ३, ६, ७, ८ | ३ दिन | ५ | ११ | ६ | १८ | १४ | १० | १४ |
| ७ | डिजाइन स्टममेट छलफल तथा सामुदायिक कार्य योजना र पहिलो सार्वजनिक सुनुवाइ | २, ३, ६, ७, ८ | १ दिन | ५ | ३२ | ३० | ५१ | ६२ | ४९ | ४२ |
| ८ | निर्माण पुर्वको गोष्ठी | २, ३, ६, ७, ८ | १ दिन | ५ | १२ | ८ | १७ | २१ | १६ | २३ |
| ९ | दोस्रो सार्वजनिक सुनुवाइ | २, ३, ६, ७, ८ | १ दिन | ५ | ३२ | ३० | ५१ | ६२ | ४९ | ४२ |
| १० | लेखा व्यवस्थापन पुनरताजाकि तालिम | २, ३, ६, ७, ८ | १ दिन | ३ | ९ | ६ | ७ | ६ | ९ | ९ |
| ११ | निर्माण अवधिको गोष्ठी | २, ३, ६, ७, ८ | १ दिन | १ | ४ | ३ | २ | १ | ३ | २ |
| **सरसफाइ, स्वच्छता,महिनावारी व्यवस्थापन र जनचेतना सम्बन्धी तालिमहरु** | | | | | | | | | | |
| १ | विभिन्न दिवस, सप्ताह तथा अभियानहरु | १ देखी ८ | १।१ दिन | ५ | २० | १४ | ५७ | २३ | ७३ | ५४ |
| २ | आमा समुहरुलाई पोषण तालिम | २, ३, ६, ८ | १।१ दिन | ४ | १० | ० | ६९ | ० | २७ | ० |
| ३ | विद्यालयमा सरसफाई तालिम | १, ६, ७, ८ | २।२ दिन | ४ | १३ | १८ | ३६ | २६ | ४४ | ५४ |
| ४ | विद्यालयहरुमा पोषण तालिम | १, ६, ७, ८ | १।१ दिन | ४ | २२ | २४ | ३५ | ३४ | ५४ | ५८ |
| ५ | वडास्तरि पुर्ण सरसफाई तालिम | १ देखी ८ | २।२ दिन | ८ | १५ | ४ | ४६ | ४२ | ३६ | ४९ |
| ६ | वडा स्तरिय प्याड निर्माण तालिम | १ देखी ८ | ३।३ दिन | ८ | २५ | ० | ९७ | ० | ८५ | ० |



GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | गाउँपालिका स्तरिय पुर्ण सरसफाई तालिम | १ देखी ८ | २ दिन | १ | ३ | २ | २ | ६ | ९ | ३६ |
| ८ | सप्लाई चेन वास मेटिरियल कार्यशाला गोष्ठी | १ देखी ८ | १ दिन | १ | १ | ० | ५ | ० | १४ | ७ |
| ९ | जिल्ला स्तरिय प्याड निर्माण तालिम | १ देखी ८ | ३ दिन | १ | २ | ० | ७ | ० | ० | २६ |
| **जिवीकोपार्जन तथा सहकारी विकाससंग सम्बन्धित तालिमहरु** | | | | | | | | | | |
| १ | घरवारी व्यवस्थापन तालिम | २, ३, ६, ७ र ८ | ३ दिन | १६ | ८४ | २२ | १०४ | ४४ | ११८ | ४४ |
| २ | घरवारी व्यवस्थापन पुनताजकी तालिम | १, २, ३, ६, ७, ८ | १ दिन | ९ | ४२ | १४ | ६६ | २० | ५७ | २६ |
| ३ | बेमौषकी ताजा तरकारी खेती तालिम | २ | ३ दिन | २ | १३ | १ | १७ | ३ | ९ | ० |
| ४ | व्यवसायिक तरकारी खेती तालिम | १, ५ | ३ दिन | २ | ० | ० | १५ | ९ | १२ | ८ |
| ५ | व्यवसायिक ओखर खेती तालिम | ३, ५, ६ | ३ र १ दिन | ४ | ७ | ६ | ३६ | १६ | १३ | १३ |
| ६ | अगुवा कृषक तालिम | ५ दिन | १ देखी ८ | १ | २ | ० | १२ | ५ | ३ | ३ |
| ७ | बहुउद्धेशिय नर्सरी व्यवस्थापन तालिम | ५ दिन | १ देखी ८ | १ | १ | ० | १ | ० | १ | ७ |
| ८ | अलैचि खेती कृषहरुलाई अभिमुखिकरण तथा विरुवा सहयोग | १ दिन | १ देखी ८ | ११ | १४ | ६ | ४२ | ४८ | ३० | ५८ |
| ९ | अलैचि मुल्य शृखला कार्यशाला गोष्ठी | २ दिन | १ देखी ८ | १ | १ | ० | ९ | १८ | १६ | २८ |
| **स्थानीय स्रोत व्यक्ति र ग्रामीण मर्मत संभार लगायत प्राविधिक तालिमहरु** | | | | | | | | | | |
| १ | स्थानिय श्रोत व्यक्ति तालिम | ५ दिन | १ देखी ८ | १ | ० | ० | १ | १ | १ | ० |
| २ | ग्रामिण मर्मत सम्भार कार्यकर्ता तालिम | १० दिन | कार्यरत ५ वटा पालिका | १ | ० | ५ | ० | ७ | २ | १६ |
| **जलउपयोग तथा जीविकोपार्जन कार्यान्वयन गुरुयोजनासंग सम्बन्धित तालिमहरु** | | | | | | | | | | |
| | | | | | | | | | | |
| **नवीकरणीय उर्जा तथा जलवायु परिवर्तन संग सम्बन्धित तालिमहरु** | | | | | | | | | | |
| १ | क्वारेन्टिमा रहेकाहरुलाई सरसफाई सामाग्री सहयोग | १ देखी ८ | १ | १ | ११ | १२६ | ८ | २३४ | १० | २१७ |
| २ | विपद जोखिम न्युनिकरण सम्वन्धि अभिमुखिकरण | १ देखी ८ | १ | १ | ० | ० | ३ | ४ | ४ | १७ |
| **गाउँपालिका तथा जिल्ला स्तरीय क्षमता विकास तालिमहरु** | | | | | | | | | | |
| १ | पानी सुरक्षा योजना तालिम | १ देखी ८ | ३ दिन | १ | ० | ५ | ७ | १६ | ४ | १९ |
| २ | खानेपानी योजना दिगोपना कार्यशाला गोष्ठी | १ देखी ८ | १ दिन | १ | २ | ० | ११ | ९ | ४ | ५ |
| ३ | निर्णयमा महिला कार्यशाला गोष्ठी | १ देखी ८ | ३ दिन | १ | ६ | ० | २६ | ० | २० | ४ |
| ४ | गाउँपालिका जनप्रतिनिधिहरुको क्षमता विकास तालिम | १ देखी ८ | २ दिन | १ | ४ | ० | ५ | १२ | १४ | २८ |



GOVERNMENT OF NEPAL

EUROPEAN UNION

Ministry for Foreign Affairs of Finland

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | पानीपरिक्षण केन्द्रसंचालन सम्वन्धि कार्यशाला गोष्ठी | १ देखी ८ | १ दिन | १ | १ | १ | ९ | १३ | ८ | १८ |

## अनुसूची २.२: गत वर्ष २०७५।०७६ सम्मको पेश्की / वेरुजु बाँकीको अवस्था

| कुल पेश्की / वेरुजु रकम रु | कुल फर्छयौट पेश्की / वेरुजु रकम रु | कुल पेश्की / वेरुजु रकम रु | कुल फर्छयौट पेश्की / वेरुजु रकम रु |
|---|---|---|---|
| पेश्की बेरुजु नभएको | | | |

## अनुसूची २.३: आर्थीक बर्ष २०७६/०७७ मा थप भएको समेत कुल पेश्की / बेरुजु बाँकीको अवस्था

| आ.व. २०७५/०७६ सम्मको पेश्की / वेरुजु रकम मध्ये २०७६/०७७ मा फर्छयौट भई सो आ.व.को खुद बांकी रहेको पेश्की / वेरुजु रकम रु | यस बर्ष थप भएको पेश्की रकम रु | यस बर्ष थप भएको समेत ०७५।०७६ सम्मको कुल पेश्की तथा वेरुजु बाँकी रकम रु | कैफीयत |
|---|---|---|---|
| केहि नभएको | | केहि नभएको | |



GOVERNMENT OF NEPAL

EUROPEAN UNION

Ministry for Foreign Affairs of Finland

# अनुसूची ३: गाउँपालिकाका नमूना उपलब्धीहरु तथा सफलताका कथाहरु

## १. प्लास्टिक टनेल बन्यो कृषहरुका सपना पुरा गर्ने माध्यम

वालुवाटार भन्दा वित्तिकै काठ्माण्डौको वालुवाटारलाई सम्झन्छन मान्छेहरुले, तर नौमुले गाउँपालिकामा पनि वालुवाटार भन्ने ठाउँ छ । जुन ठाउँ हो साविकको वालुवाटार गाउँ विकास समिति र हालको नौमुले गाउँपालिका वडा नं. २ हो । देश द्धन्दको चपेटामा परेको बेलामा यहाँका मानिसहरुमा डर त्रस र भय मात्र हुन्थ्यो । यहाँका मानिसहरु भारत लगायतका देशहरुमा पलायन भएका थिय, गाउँमा मर्दा पर्दा पनि छोरा मान्छेहरुको अभाव हुन्थ्यो । तर देश विस्तारै शान्ति तर्फ लाग्यो अनि यहाँका विदेशिएका मानिसहरु स्वदेश फर्कन लागे अनि आफ्ना परमपरागत पेषाहरु संचालन गर्दै आए का थिए ।





नौमुले गाउँपालिकाको वडा नं. २ गाउँपालिकाकै ठुलो, विकट र विकासकासे क्रियाकलापहरुले पनि नसमेटेको वडा हो । यस वडामा ग्रामिण जलस्रोत व्यवस्थापन परियोजनाले आ.व. २०७४।०७५ देखी काम गर्न सुरु गरेको हो । यस वडामा हाल सम्म २ वटा खानेपानी योजनाहरु सम्पन्न भई सकेका छन भने १ वटा खानेपानी योजना निर्माणाधिन अवस्थामा रहेको छ । यसै क्रममा वडा नं. २ को रापट भन्ने टोलमा परियोजनाले आ.व. २०७६।०७७ को वार्षिक कार्यक्रम मार्फत रापट व्यवसायिक तरकारी खेतीका १० जना कृषककहरुलाई प्लास्टिक टनेल सहयोग गर्ने भयो उक्त कुराले कृषकमा खुसि छाएको थियो । कृषकहरुले प्लास्टिक टनेल सहयोग पाएमा आफ्ना आयआर्जनमा माध्यमहरु बढ्ने र जिविकोपार्जनको लागी भारत लगायत विदेशी मुलुकमा जान नपर्ने र बाह्रै मास तरकारी उत्पादन विक्रिबाट जिविका चलाउन सहज हुने कुरा राखे । परियोजनाले पनि कृषकका सपनाहरु पुरा गर्नको लागी परियोजना र गाउँपालिकाको साझेदारीमा प्लास्टिक टनेल निर्माण गर्नको लागी डिजाईन स्टिमेट बनाई कार्य अगाडी वढायो । १० वटा प्लास्टिक टनेलहरु लगभग ८ लाखमा निर्माण हुने भए उक्त श्रोत परियोजनाबाट ४ लाख र गाउँपालिकाबाट ४ लाख जुट्जे भयो र प्लाटिकका टनेलहरु निर्माण भए । निर्माण भएका टनेलहरुमा टमाटर खेती गर्ने भन्ने भए अनुसार कृषकहरुले टमाटरको विर्ना राखे र बेर्नालाई टनेलमा सारे । टमाटर विस्तारै हुर्कदै गए ।




रापट आयआर्जन समुहका अध्यक्ष दल बहादुर खड्का भन्छन हामीले पहिला पनि तरकारी खेती त गरेका थियौ त्यसले धेरै फाइदा दिइएको थिएन अहिले प्राविधिक सहयोग र सल्लाह सगै प्रविधि पनि पाए पछि तरकारी खेती बाट मनग्य आम्दानी हुने भएको छ । यस्तै समुहका अर्का सदस्य हिमा खड्का भन्छन कृषकको तदारुक्ता, प्राविधिक सल्लाह र प्रविधि भए मात्र व्यवसायिक तरकारी खेतीले सार्थक्ता पाउदो रहेछ । यस क्षेत्रको ठुलो बजार भनेको नौमुले बजार हो साथै यस क्षेत्रमा हाइड्रो पावर निर्माण कार्य चलिरहेकोले त्यहाँ काम गर्ने कामदारहरुले पनि तरकारी किनेर लग्छन । यहाँका कृषकहरु विहानै तरकारीको भारी बोकेर नौमुले बजार तिर लाग्छन । यहाँका कृषकहरुले टमाटर मात्र नभएर काक्रा, फर्सि, बेगन, तितेकरेला लगायतका तरकारीका वाली लगाएका छन । यस वर्ष कृषकहरुले आफुले खाएर लगभग १ लाख जतिको तरकारी बेचेका छन र अर्कोलटको लागी फेरी टमाटरको बेर्ना उमारी सकेका छन ।

रापट व्यवसायिक तरकारी समुहका सदस्यहरुले अगामी दिनमा व्यक्तिगत लगानीमा भए पनि थप टनेल बनाउने र तरकारी उत्पादन गरी दैलेख तथा सुर्खेत सम्म विक्रि गर्ने गरी उत्पादनलाई बढाउने लक्ष्य राखेका छन । समुहका अध्यक्ष दल बहादुर खड्का अगाडी भन्छन **"प्लास्टिक टनेलले हाम्रो सपना साकार पार्ने भयो, जिवनयापनको लागी भारत लगायत विदेशमा जानुपर्ने बाध्यतालाई टारेको छ ।"**

## २. ***पखेराको खेती***

नेपालको संविधान २०७२ ले संघीय राज्यको निर्माणका साथै तिन तहको राज्य प्रणालीको व्यवस्था गरे अनुरुप साविकका ७ वटा गाउँ विकास समितिहरु मिलेर नौमुले गाउँपालिका बनेको छ। राज्य शक्ति एक ठाउमा केन्द्रित नगरी विभिन्न तह र तप्काबाट प्रयोग गर्ने ब्यबस्था भए अनुरुप“**जलविद्युत,जडिवुटी,पर्यटन,पूर्वाधार व्यावसायिक कृषि र सुशासन नौमुलेका मुल आधार,”** यहि मुल नारा लाई आत्मसाथ गर्दै कार्यहरु अगाडी बढेका छन। दैलेख जिल्लाका ११ वटा स्थानीय तह मध्ये नौमूले गाउँपालिका दैलेख जिल्लाको पुर्वी भेगमा अवस्थित एक सुन्दर र प्राकृतिक श्रोतले सम्पन्न गाउँपालिका हो । यो गाँउपालिका ८१ डिग्री ४३' १३.३४” देखि ८१ डिग्री ५५' ३६.२४” देशान्तर र २८ डिग्री ४९' ५४.३९” देखि २८ डिग्री १' १०.१५”अक्षांशसम्म फैलिएको छ । यस गाउँपालिको क्षेत्रफल २२८.८९ वर्ग कि.मि. र जनसख्या २०,८०२ जना रहेको छ । यस गाउँपालिका लाई भौगोलिक अवस्था र जनसंख्याको अनुपात अनुसार ८ वटा वडामा विभाजन गरिएको छ, यस गाउँपालिको केन्द्र साविकको नौमूले गाविसको भवन नौमूलेमा रहेको छ । करिव ८५ प्रतिशत हिन्दु धर्मालम्वीको बाहुल्यता रहेको यस गाउँपालिकामा मगर, बाहुन, क्षेत्री, ठकुरी, जनजाती, दलित तथा अल्पसंख्यक समुदायको बसोवास रहेको छ ।

नौमुले भन्नासाथ मान्छेहरु सम्झन्छन् संकटकाल र त्यहाँको अवस्था, मुलुक द्वन्दको मारमा परेका वेला नौमुलेले ठुलो नर संहार वेहोर्‍यो, सयौको संख्यामा ज्यान गुमाउने र विस्तापित जिवन विताउन वाध्य भएका नागरिकहरु अहिले विभिन्न नविन पेशा व्यवसायमा अग्रसर हुदै आएका छन, नौमुले गाउँपालिकाको वार्ड नं ५ को सालकोट गाँउमा मगर समुदायको वसोवास रहेको छ। सेपिलो जग्गा, सिचाईको पहुच भएपनी खासै अँन्न वालीको उत्पादन नहुने भिरालो पाखो एतीवेल हरियो र लटरम्म फलेको अलैचीले ढाकेकोछ ।



युवा र पुरुषहरु कित लाहुर गएका छन कित विदेश पैसा कमाउन, महिला र उमेर पाकेकाले गाउँ धानेर वसेका छन, गाउँमा भेला आयोजना गर्दा यिनै महिलाहरु उपस्थित भएर गाँउमै हुने रोजगारी र इलमका कुरा गरे जे गरे पनि यो चिसो पाखोमा उत्पादन नै हदैन नानी भनेर एक जेष्ठले निरासा पोखे, तैपनी वन्यो महिलाहरु कै अगुवाइमा २२ जनाको सदस्य रहेको नौलाथर व्यवसायिक अलैची उत्पादन समुह, समुहलाई अलैचीको वारेमा तालिम दिएपछी पहिलो पटक ग्रामिण जलस्रोत व्यवस्थापन परियोजनाले तीन वर्ष पहिला ४६ हजार विरुवा सहयोग गर्यो, पखेरामा भुगोल नविग्रने गरि करिव ४६ रोपनी जमिनमा अलैचीका विरुवा लागाए ।



सुरु सुरुमा किसानहरुको एउटै प्रश्न लगातार दोहोरी रहयो यो फल्दैन की केहो ?

पहिलो पटक भएकाले यो काम परियोजना र किसान दुवैका लागि चुनौती पुर्ण पनि थियो, दैलेखमा भिरालो भुभागमा अलैची लागाउने अभ्यास नै नभएको अवस्थामा चुनौती नहुनेत कुरै भएन आव ०७४/०७५ मा



परियोजनाको सहयोगमा लागाएका वोटहरुको राम्रो विकास भएको देखे पछि पुनः आव ०७५/०७६ मा थप १ शय २ जना किसानहरुलाई १ लाख विरुवा वितरण गरियो, जसमा २५ हजार विरुवा सालकोटमा थप भयो, अहिले नौमुले गाउँपालिकाका वडा नं. १ देखी ८ सम्म ,१५० रोपनी क्षेत्रफलमा अलैची लहलह छ, भदौ, असोजमा टिप्ने अलैची अहिले फुल्न सुरु भएको छ, यो वर्ष स्थानिय ६ जना किसानले उत्पादन गरेको ७० केजी अलैची वजारमा ७ शय रुपया प्रति केजीको दरले स्थानिय वजारमा विक्रि भयो, परियोजनाले यो वर्ष ८ देखी १२ घन्टा मै गुणस्तरिय तरिकाले अलैची सुकाउन मिल्ने आधुनिक भट्टी निमार्ण गरिदिएको छ। एक पटकमा १ क्युन्टल अलैची सुकाउन मिल्ने भए पछि गाँउको माझमा १ जना किसानले जिम्मा लिने गरि स्थापना भएको भट्टीले थप एक जनाको रोजगारी निमार्ण गरेको समुहकी सदस्य हिरा बुढा मगरले वताइन ।

पालिकामा १५० रोपनी क्षेत्रमा फैलिएको अलैची बाट आउदो २ वर्षमा पुर्ण रुपमा फल आउनेछ, करिव ३ लाख वोट वाट आम्दानी आउन थाले पछि करिव ७० क्युन्टल सुकेको अलैची वार्षिक उत्पादन हुनेछ भने जसबाट रु ५० लाख वार्षिक रुपमा गाँउमा रकम भित्रनेछ । २०७६ असारमा १० हजार विरुवा रु ७० हजारमा स्थानिय डिलकुमारी थापाले वझाङ्का किसानहरुलाई विक्री गरेकी छन । यो बिक्रीले उरु किसानहरुमा खुसी थपीएकोछ, गोडमेल गर्दा, झ्याङ्ग फटाएर निस्केको विरुवा पनि अन्य ठाउमा रोप्न वा विक्री गरेर आम्दानी वढाउन सकिने कुरा स्थानिय किसान डिलकुमारी थापाले बताइन । किसानहरुको व्यसायिक योजना वमोविम यो वर्ष खाली रहेको जमीनमा थप १ सय जना किसानहरुलाई १ लाख विरुवा लगाउने र उत्पादन वढे संगै आधुनिक भट्टी पनि थप गदै लैजाने परियोजनाको लक्ष्य रहेको छ साथै अलैचि खेतीको प्रवर्धनको लागी अलैचि मुल्य शृखलामा पनि काम गर्ने भएको छ ।



अन्न उत्पादन नहुने भिरालो जमिनमा अलैचीले पहिरोको रोकथाम पनि गरेको छ भने किसानका आम्दानीका सपनाहरु पनि वढेका छन । अन्तमा हिरा बुढा भन्छिन "***पखेराको खेतिले हाम्रो जिवनका सुनौला सपनाहरु पुरा गर्ने छ***" ।

# अनुसूची ४: भिजिविलिटी

| क्र.सं. | माध्यम | मिति | प्रसारण गरिएको विषयवस्तु |
|---|---|---|---|
| १ | गोरखापत्र | २०७६।११।०३ | डिग्री हासिल गरी खेती किसानिमा भन्ने लेख |
| २ | टेलिभिजन | २०७६।११।११ | नौमुलेमा अलैचि खेती |

अन्य भिजिविलिटीहरु :












GOVERNMENT OF NEPAL
EUROPEAN UNION
Ministry for Foreign Affairs of Finland

# अनुसूची ५: जनशक्ति विवरण

| क्र.सं. | कर्मचारीको नाम | कार्यालय | पद | जम्मा अनुमानित योगदान (महिनामा) |
|---|---|---|---|---|
| **क.** | **गाउँपालिका सहयोग ईकाइ अन्तरगत रहने गरिः** | | | |
| १ | लोक बहादुर बोगटी | नौमुले गा. पा. / ग्रामिण जलश्रोत ब्यवस्थापन परियोजना दैलेख (जिल्ला) | गाउँपालिका जलश्रोत अधिकृत | 12 |
| २ | चित्र बहादुर विष्ट | ग्रामिण जलश्रोत ब्यवस्थापन परियोजना दैलेख (जिल्ला) | प्राविधिक सहजकर्ता | 12 |
| ३ | सुर्य बहादुर शाही | ग्रामिण जलश्रोत ब्यवस्थापन परियोजना दैलेख (जिल्ला) | जीविकोपार्जन सहजकर्ता | 12 |
| **ख.** | **सहयोगी संस्था अन्तरगत रहने** | | | |
| १ | हरिकृष्ण थापामगर | नौमुले गा. पा. / ग्रामिण जलश्रोत ब्यवस्थापन परियोजना, सामाजिक सेवा केन्द्र सोसेक नेपाल, दैलेख (SO) | फिल्ड संयोजक | ११ |
| २ | कृष्णा थापामगर | नौमुले गा. पा. / ग्रामिण जलश्रोत ब्यवस्थापन परियोजना, सामाजिक सेवा केन्द्र सोसेक नेपाल, दैलेख (SO) | जिविकोपार्जन प्रवर्धक | १२ |
| ३ | हेमा थापामगर | नौमुले गा. पा. / ग्रामिण जलश्रोत ब्यवस्थापन परियोजना, सामाजिक सेवा केन्द्र सोसेक नेपाल, दैलेख (SO) | स्वास्थ्य प्रवर्धक | ११ |
| ४ | देवि सापकोटा | नौमुले गा. पा. / ग्रामिण जलश्रोत ब्यवस्थापन परियोजना, सामाजिक सेवा केन्द्र सोसेक नेपाल, दैलेख (SO) | स्वास्थ्य प्रवर्धक | ११ |
| ५ | धिरेन्द्र बोगटी | नौमुले गा. पा. / ग्रामिण जलश्रोत ब्यवस्थापन परियोजना, सामाजिक सेवा केन्द्र सोसेक नेपाल, दैलेख (SO) | जलस्रोत प्राविधिक | १२ |
| ६ | विमलप्रसाद उपाध्याय | नौमुले गा. पा. / ग्रामिण जलश्रोत ब्यवस्थापन परियोजना, सामाजिक सेवा केन्द्र सोसेक नेपाल, दैलेख (SO) | जलस्रोत प्राविधिक | १२ |